# सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग,२०७६ को कार्यालय, सिंहदरबारको

# अत्यन्त जरुरी सूचना

सरकारी, सार्वजनिक र गुठीका जग्गा एवं सार्वजनिक हितका लागि समयसमयमा सरकारले अधिग्रहण गरेका जग्गाहरू हिनामिना भए/नभएको सत्यतथ्य पत्ता लगाई कारवाहीको लागि सिफारिश गर्ने समेत कार्यको लागि नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) अनुरुप गठन गरेको **"सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग,२०७६"** ले कार्य गरिरहेको छ। अतः आयोगलाई तपसिलमा उल्लेखित विषय र ठेगानामा सत्यतथ्य एवं यथार्थपरक विवरणसहितको उजुरी दिनुहुन सर्वसाधारण, सम्बन्धित निकाय एवं जानकारहरू सबैमा अनुरोध गरिन्छ।

**विषयहरू**

- सरकारी, सार्वजनिक र गुठी जग्गा कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी तरिकाले दर्ता गरी गराई हिनामिना गरेको सम्बन्धमा।
- सार्वजनिक हितका लागि समयसमयमा सरकारबाट अधिग्रहण तथा जफत गरिएका जग्गाहरू हिनामिना भए गरेको सम्बन्धमा।

**उजुरी दिने ठेगाना**

- आयोगको ईमेल ठेगाना plic@molcpa.gov.np
- आयोगको फ्याक्स नं. ०१-४२००६७१ वा आयोगको कार्यालय
- सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू